कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आ व ०७६/७७
च.नं.

चौघरे, ललितपुर
वागमती प्रदेश, नेपाल।

## प्रेस विज्ञप्ति

यस गाउँपालिकाको छैठौं गाउँसभा मितिः२०७७/०३/१० गते सुरु भई २०७७/०३/१२ गते सम्पन्न भएको छ । गाउँसभा बाट आगामी आ.व. २०७७/०७८ का लागि रु. ३८,९५,४३,०००।०० (अक्षरुपी अठतिस करोड पन्चानब्वे लाख त्रिचालिस हजार मात्र) को आय/व्यय सर्वसम्मत स्वीकृत भएको छ । छैठौं गाउँसभाले गाउँ गौरवका आयोजनाहरु मध्ये कोन्ज्योसोम प्रतिमा निर्माणको कामलाई पहिलो प्राथमिकतामा राखेको छ भने जनतासँग अध्यक्ष रोजगार कार्यक्रम र उपाध्यक्ष महिला उद्यमशीलता कार्यक्रमलाई पनि प्राथमिकतामा राखेको छ । गाउँपालिकाको आफ्नै पहिचान भएको लोगो पनि गाउँसभावाट स्वीकृत भएको छ भने "कृषि, पर्यटन, सँस्कृति, वातावरण र पूर्वाधारः सुशासनयुक्त, सभ्य र समृद्ध कोन्ज्योसोमको आधार" भन्ने गाउँपालिकाको दिर्घकालिन सोच पनि स्वीकृत भएको छ । चालु आ.व.२०७६/०७७ मा जस्तै आगामी आ.व.२०७७/०७८ मा पनि यस गाउँपालिकाले "कृषि तथा पशुपंक्षी" वर्षकै रुपमा मनाउने भएको छ । गाउँपालिकाले आगामी आ.व.२०७७/०७८ देखि कक्षा एक देखि पाँच सम्म ऐच्छिक भाषा (तामाङ्ग भाषा) मा पठनपाठन सुरुवात गर्ने व्यवस्था गरेको छ भने गाउँपालिकाको केन्द्र चौघरे स्वास्थ्य चौकीमा ल्याव सेवाको थालनी गर्ने भएको छ । साथै कोरोना भाइरस (कोभिड -१९) बाट हुने जोखिमको न्यूनिकरणका लागि स्थानीय विपद व्यवस्थापन कोषको समेत व्यवस्था गरेको छ ।

अन्तमा,

छैठौं गाउँसभालाई सभ्य र भव्य ढंगबाट सम्पन्न पार्न आ-आफ्नो तह र तप्काबाट महत्वपूर्ण योगदान गर्नुहुने सम्पुर्ण जनप्रतिनिधी ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु र सरोकारवाला सवैलाई धन्यवाद दिने निर्णय समेत भएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि सार्वजनिक गर्दछु।

२०७७।०३।१४

मितिः२०७७/०३/१४ गते

सुविन्द्र तामाङ
प्रवक्ता